निर्णय नं. १

यस नगर कार्यपालिकाको मिति २०७४।०९।३०को निर्णय नं. ८ अनुसार नगर कार्यपालिकाको कार्यालय परिसरभित्र बैंकको काउन्टर राखी सेवा प्रवाह गर्ने प्रक्रिया अगाडी बढेको र सो प्रक्रियामा एन.आई.सी. एशिया बैंक छनौट भई नेपाल राष्ट्र बैंकबाट स्वीकृति समेत लिई पुर्व प्रतिबद्धता अनुसारका सुबिधाहरु उपलब्ध गराउन बैंक सहमत भएको हँदा सो बिषयमा द्विपक्षीय सम्झौता गर्ने र सम्झौता पत्रमा नगर कार्यपालिका कार्यालयको तर्फबाट प्रमुख प्रशासकीय अधिकृतलाई हस्ताक्षर गर्न अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. २

यस उपमहानगरपालिकाका सम्पूर्ण निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरुले आफुलाई पायक पर्ने बैंकमा खाता खोली उपमहानगरपालिकाको तर्फबाट पाउने सवै प्रकारको तलव, भत्ता, पारिश्रमिक तथा सुविधा रकम बैंक खाता मार्फत भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

यस उपमहानगरपालिकाको कार्यालयलाई आवश्यक पर्ने जनशक्तिको स्थायी रुपमा ब्यवस्था भई नसकेको लगायतका कारणले विगतदेखि कतिपय कर्मचारी करारमा कार्यरत रहेका तथा कतिपय दैनिक र कतिपय मासिक ज्यालादारी रुपमा कामकाज गर्दै आइरहेको अवस्थामा तत्काल ती कर्मचारी हटाउँदा नगरकार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुको सेवा प्रवाहमा बाधा पर्ने हुँदा यस सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो :-

(क) करारमा कार्यरत कर्मचारी सम्बन्धी :

कर्मचारी प्रशासन शाखाबाट पेश भएको विवरणमा उल्लेख भएका देहाय बमोजिम करारमा कार्यरत कर्मचारीहरुसंग पुन: करार सम्झौता गरी काममा लगाउने निर्णय गरीयो । साथै त्यस्ता कर्मचारीहरुसंग करार सम्झौता गर्दा करारनामामा उल्लेख गर्नुपर्ने शर्तहरु समेत स्वीकृत गरियो ।

(ख) ज्यालादारीमा कार्यरत कर्मचारी सम्बन्धी :

कर्मचारी प्रशासन शाखाबाट पेश भएको विवरणमा उल्लेख भएका देहाय बमोजिम ज्यालादारी रुपमा कार्यरत कर्मचारीहरुलाई अर्को आदेश वा ब्यवस्था नभएसम्म यथावत काममा लगाउने निर्णय गरियो।

निर्णय नं. ४

नेपाल सरकारद्वारा सञ्चालित स्थानीय शासन तथा सामुदायिक बिकास कार्यक्रम अन्तर्गतको सामाजिक परिचालन कार्यक्रम गत आ.व. को अन्तदेखि फेजआउट भै उक्त कार्यक्रमसंग आवद्ध २६ जना सामाजिक परिचालकहरु हटिसकेपछि कतिपय वडा कार्यालयको सेवा प्रवाहमा असर परेको भन्ने सम्बन्धमा ब्यापक छलफल भयो । साथै नगर कार्यपालिकाको कार्यालयले चालु आ. व. को प्रारम्भदेखि नै सबै वडा कार्यालयहरुमा अप्टिकल फाईवर बिस्तार गरी अनलाइन प्रविधिबाट सेवा प्रवाह गर्ने काम भैरहेको र सुचना प्रविधिमैत्री जनशक्तिको अभावमा अनलाइन प्रविधिबाट सेवा बितरण गर्ने काम चुनौतिपुर्ण भैरहेको तथ्यलाई

मध्यनजर गर्दै आवश्यक कानूनी प्रक्रिया पुरा गरी उपयुक्त जनशक्ति नगर कार्यपालिकाको कार्यालयले करारमा लिने निर्णय गरियो ।

निर्णय नं. ५

तेश्रो नगरसभाको निर्णय नं. ८ बमोजिम कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराउनका लागि देहाय बमोजिम एक कार्यदल गठन गर्ने र सो कार्यदलले बिस्तृत रुपमा अध्ययन एवं परामर्श गरी कार्यान्वयन योग्य वस्तुगत आधार र मापदण्ड (सूचक) हरु सहित कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

संयोजक - चन्द्रप्रसाद भट्टराई, वडाध्यक्ष, वडा नं. ४
सदस्य - दिपक गौतम, वडाध्यक्ष, वडा नं. ६
सदस्य - गौरीमान परियार, कार्यपालिका सदस्य
सदस्य सचिव - सञ्जय अधिकारी, प्रशासकीय अधिकृत

निर्णय नं. ६

साँस्कृतिक भवनमा रहेका पुराना कागजहरु प्रचलित कानून बमोजिम धुल्याउने सम्वन्धमा तपसिल बमोजिमको एक समिति गठन गर्ने निर्णय गरियो । कार्यदलले एक महिनाभित्र उक्त कार्य सम्पन्न गरी सोको प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्ने निर्णय समेत गरियो ।

संयोजक - भुपेन्द्र प्रसाद कोइराला, शिक्षा शाखा प्रमुख
सदस्य - सञ्जय अधिकारी, प्रशासकीय अधिकृत
सदस्य - बाबुराम आचार्य, लेखा अधिकृत
सदस्य - जीवन घिमिरे, इन्जिनियर
सदस्य सचिव - राजेन्द्र धिमाल, शाखा अधिकृत

निर्णय नं. ७

इटहरी उपमहानगरपालिकाको बजार अनुगमन सम्वन्धी नियमावली, २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

इटहरी उपमहागरपालिका र इनभाइरोकेयर कन्सर्न प्रा.लि.लाई विपक्षी बनाई पेश भएको मुद्धामा उच्च अदालत विराटनगरबाट भएको परमादेशको व्यहोरा जानकारी गराइयो ।

निर्णय नं. ९

इटहरी उपमहानगरपालिका वडा नं. ६ स्थिति जय न्यू पशुपति रेडिमेड, प्रो. जयकुमार श्रेष्ठले आगलागी प्रभावित भई राहत माग गरेको सम्वन्धमा यस नगरपालिकाको तर्फबाट रु.२५,०००/- (अक्षरेपी पच्चिस हजार) दिने निर्णय गरियो ।

निर्णय नं. १०

The Royal Spanish Federation and The WMAC Malaga 2018 Local Organization कमिटिको आयोजनामा हुने खेलकुद प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्दै भाग लिन जानका लागि श्री चन्दल लाल चौधरी, इटहरी-८ ले आर्थिक सहयोग माग गर्नु भएकोमा उक्त प्रतियोगिताबाट फर्की प्रतिवेदन पेश गर्ने गरी

निजलाई यस उपमहानगरपालिकाको तर्फबाट रु. २५,०००/- (पच्चिस हजार) सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ११

इटहरी उपमहानगरपालिकाभित्र ट्राफिक व्यवस्थापन सम्बन्धी बढ्दो चुनौतीलाई उचित व्यवस्थापन गर्न गठित समितबाट प्रस्तुत प्रतिवेदनबारे जानकारी भयो । कार्यदललाई धन्यवाद दिँदै उक्त प्रतिवेदन स्वीकृत गरियो । साथै उक्त प्रतिवेदनले औंल्याएका बिषयहरु योजनाबद्ध ढंगले कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

निर्णय नं. १२

मिति २०७५।३।१९ गते सुनसरी जिल्लालाई खुला दिसामुक्त घोषणा गर्नका लागि खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सुनसरीको च.न. ५४३, मिति २०७५-३-१३ को पत्र मार्फत सहयोग माग भै आएकोमा उक्त कार्यक्रमको घोषणा गर्दा लागेको खर्चमा सहकार्य स्वरुप यस उपमहानगरपालिकाको तर्फबाट रु. १,००,०००/- (अक्षरेपी एक लाख) सहयोग गर्ने निर्णय गरियो । साथै उक्त सहायता रकमको खर्चको लेखापरिक्षण प्रतिवेदन खानेपानी तथा सरसफाई डिभिजन कार्यालयसंग माग गर्ने निर्णय समेत गरियो ।

निर्णय नं. १३

चालु आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट बक्तव्यमा उल्लेख भएका विषयहरुमध्ये निम्न बिषयहरुको कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक पर्ने जग्गाको खोजी गर्ने तथा कार्यान्वयनको मोडालिटीका बारेमा अध्ययन गरी शिफारिश सहितको प्रतिवेदन पेश गर्न देहाय बमोजिम दुईवटा समिति गठन गर्ने निर्णय गरियो।

(क) जनता पार्क, औधोगिक ग्राम र बहुजातीय संग्रहालय स्थापना :

मिति २०७४/१२/२८ मा बसेको नगर कार्यपालिकाको बैठक नं. २० को निर्णय नं. १२ बमोजिम सार्वजनिक तथा ऐलानी जग्गा खोज्नका लागि गठित समितिका सदस्यहरु सहित देहायका सदस्यहरु समेत रहने गरी समिति गठन गर्ने निर्णय गरियो ।

(१) श्री शारदा प्रसाद अधिकारी, कानूनी सल्लाहकार, इटहरी उपमहानगरपालिका

(२) प्रतिनिधि एकजना, इटहरी उद्योग बाणिज्य संघ ।

(ख) रात्रीबजार तथा सार्वजनिक शौचालय निर्माण :

संयोजक - उपप्रमुख
सदस्य - श्री चन्द्रप्रसाद भट्टराई, वडाध्यक्ष वडा नं. ४
सदस्य - श्री दिपक गौतम, वडाध्यक्ष वडा नं. ६
सदस्य - श्री भुपेन्द्र बराल, वडाध्यक्ष वडा नं. ९
सदस्य - श्री बिजय मगर, शाखा अधिकृत
सदस्य - श्री अर्जुन दाहाल, बरिष्ठ इन्जिनियर
सदस्य सचिव- श्री पुष्पनारायण चौधरी, वातावरण शाखा प्रमुख ।

निर्णय नं. १४

यस उपमहानगरपालिका पनि नेपाल नगरपालिका संघको सदस्य भएको र नेपाल नगरपालिका संघबाट साधारण सभा शुल्क तथा सदस्यता शुल्क माग भै आएको हुँदा सदस्यता शुल्क वापतको तिर्नुपर्ने रु. ४०,०००/- र साधारण सभामा प्रवेश शुल्क वापतको रु. १००००/- गरी जम्मा रु. ५०,०००/- ( अक्षरेपी पचास हजार) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १५

यस उपमहानगरपालिकाबाट गत आ.व. २०७४/७५ मा सञ्चालित कार्यक्रमहरुको बार्षिक समिक्षा गोष्ठी आगामी असौज महिनाभित्र गर्ने निर्णय गरियो ।

निर्णय नं. १६

चालु आ.व. २०७५/७६ को बजेटमा प्रत्येक वडाको लागि चालु खर्च वापत रु. ५,००,०००/- बजेट बिनियोजन भएकोमा उक्त बजेट वडाबाटै खर्च गर्ने सम्बन्धमा खर्च गर्ने क्रियाकलापहरु, प्रत्येक क्रियाकलापको खर्चको सीमा तथा खर्च गर्ने मोडालिटीबारे परामर्श एवं अध्ययन गरी शिफारीस सहितको प्रतिवेदन आगामी कार्यपालिकाको बैठकमा पेश गर्नका निम्ति निम्न बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

संयोजक - श्री दिपक गौतम, वडाध्यक्ष वडा नं ६
सदस्य - रमेश कुमार चौधरी, वडाध्यक्ष वडा नं १४
सदस्य सचिव - श्री बाबुराम आचार्य, लेखा अधिकृत

निर्णय नं. १७

सार्वजनिक पद धारण गर्ने पदाधिकारीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११० बमोजिम हरेक आर्थिक बर्ष समाप्त भएको मितिले ६० दिनभित्र सम्पत्ति विवरण पेश गनुपर्ने बिषयको जानकारी गराइयो ।

निर्णय नं. १८

आ.व. २०७५/७६ मा खेलकुद बिकास कार्यक्रम अन्तर्गत अन्य खेलकुद र खेल सामाग्री सहयोग शिर्षकमा बिनियोजित बजेट रु. १०,००,०००/- मध्ये वडाहरुबाट खेलकुद प्रवर्धनका लागि हाल प्रति वडा रु २५,०००/- का दरले वडा सचिवका नाममा पेश्कि उपलब्ध गराउने र वडाको आवश्यकता बमोजिम प्रचलित कानूनको अधिनमा रही खेल सामाग्री खरिद गरी बितरण ब्यवस्थापन गर्ने र खरिद तथा बितरण सम्बन्धी रितपुर्वकका कागजातहरु नगर कार्यपालिकाको कार्यालयमा पेश गरी पेश्कि फछ्र्योट गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

वडा समितिको कार्यालयमा कार्यरत वडा सचिवहरुको कार्यबोझलाई मध्यनजर गरी प्रत्येक वडाका वडा सचिवलाई मासिक रु ७००/- (सात सय रुपैंया) का दरले सञ्चार खर्च उपलब्ध गराउने निर्णय गरियो ।

साथै, नगर प्रमुख तथा उप प्रमुखको सचिवालयमा कार्यरत ना.सु. महेश सुवेदीलाई समेत मासिक रु. ७००/- (सात सय रुपैंया) का दरले सञ्चार खर्च उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २०

यस इटहरी उपमहानगरपालिका तथा अन्तर्गतका वडा कार्यालयहरुलाई विभिन्न प्रयोजनको लागि जग्गा उपलब्ध गराउने जग्गादाताहरुको सुरुदेखिकै विवरण संकलन गरी त्यस्को अभिलेख राख्ने र त्यस्ता जग्गादाताहरुलाई उपमहानगरपालिकाको तर्फबाट उचित सम्मान गर्ने र नगर कार्यपालिकाको कार्यालय परिसरमा रहेको जग्गादाता रामजी चौधरी र मानपुर चौधरीको सालिकको उचित तवरले व्यवस्थापन गर्ने निर्णय समेत गरियो ।

निर्णय नं. २१

अब उप्रान्त उपमहानगरपालिका क्षेत्रभित्र सडक निर्माण गर्दा सडकको विचमा विद्युतका पोलहरु परेका र त्यस्ता पोलहरु सार्नु पर्ने भए लागत अनुमानमै पोल सार्ने खर्च समावेश गरी सडक विस्तार गर्ने सडकमा ड्रेन निर्माण भैसकेको अवस्थामा विद्युत पोलहरु सार्नु परेमा नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी सार्ने निर्णय गरियो ।

निर्णय नं. २२

इटहरी उपमहानगरपालिका भित्र पर्ने सडकहरुको क्षेत्राधिकार (Right of Way) निर्धारण गर्नका निम्ति देहाय बमोजिम एक समिति गठन गर्ने र सो समितिले ३ महिनाभित्र स्थानीय तहको अधिकार अन्तर्गतका सडकहरुको अध्ययन गरी नगर कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

संयोजक - हेमानन्द दाहाल, वडाध्यक्ष वडा नं. १२
सदस्य - विश्व धिमाल, कार्यपालिका सदस्य
सदस्य - इन्दिरा राई, कार्यपालिका सदस्य
सदस्य सचिव - अर्जुन दाहाल, बरिष्ठ ईन्जिनियर ।

निर्णय नं. २३

नगर कार्यपालिकाको कार्यालय परिसरभित्र रहेका दमकल लगायतका हेभी सवारी साधनहरुको उचितरुपले पार्किङ्गको व्यवस्था तथा मर्मत संभार गर्नुपर्ने सवारी साधनहरुलाई उपयुक्त स्थानमा भण्डारण गर्ने र नगर प्रहरीहरुको आवासलाई समेत स्थायी रुपमा व्यवस्था गर्नका लागि नगरपालिकाको नाममा रहेको पूर्वतर्फको दुई कठ्ठा खाली जग्गामा पार्किङ्ग तथा आवास भवन निर्माण कार्यका लागि कार्यालयले आवशयक प्रक्रिया थाल्ने निर्णय गरियो ।

निर्णय नं. २४

नेपाल राष्ट्र बैंकको मिति २०७५/२/९ को सूचनानुसार व्यावसायिक कृषि तथा पशुपंक्षी कर्जाको प्रयोजनार्थ यस इटहरी उपमहानगरपालिकाका वडा नं. १, २, ३, ७, ८, १०, ११, १३, १४, १५, १६, १७, १८ र १९ लाई ग्रामीण क्षेत्र तोक्ने निर्णय गरियो । साथै सोको जानकारी नेपाल राष्ट्र बैंक (बैंक तथा वित्तीय संस्था नियमन विभाग) बालुवाटार, काठमाण्डौलाई दिने निर्णय भयो ।

निर्णय नं. २५

यस इटहरी उपमहानगरपालिका नगर कार्यपालिका कार्यालयले स्थानीय परिवेश र आवश्यकतालाई, समेत मध्यनजर गरी नक्सा पास सम्बन्धी छुट्टै मापदण्ड बनाउने निर्णय गरियो ।

निर्णय नं २६

इटहरी उपमहानगरपालिकाको भवन निर्माण सम्बन्धी ऐन, २०७५ जारी हुनुपुर्व यस उप महानगरपालिका क्षेत्रभित्र निर्माण भै नक्सा पास गर्न छुट भएका घर, भवन, गोदाम आदिको सो ऐनको दफा १६ बमोजिम तीन महिने सार्वजनिक सूचना आव्हान गरी सो म्यादभित्र निवेदन लिई त्यस्ता निवेदनहरुको अध्ययन गरी मापदण्ड पुगेको खण्डमा नक्सा अभिलेखीकरण प्रमाण पत्र उपलब्ध गराउने र सोको दस्तुर लिने बिषयमा धरौटी रकम र जरिवाना बाहेक अन्य लिँदै आएको कानून बमोजिमको सम्पूर्ण दस्तुरहरु लिने निर्णय गरियो ।

निर्णय नं २७

भवन निर्माण सम्बन्धी ऐन, २०७५ लागु भएपछि नक्सा पासको लागि निर्माण इजाजत लिई संरचना निर्माण गर्नु पर्नेमा इजाजत नै नलिई सम्पूर्ण संरचना निर्माण गरी निर्माण सम्पन्न प्रमाण पत्रको लागि निवेदन माग भएमा सो निवेदन अध्ययन गरी आवश्यक मापदण्ड र भवन संहिता पुरा गरेको यकिन हुन आएमा नक्सा पास दस्तुरको तेब्बर दस्तुर लिई नक्सा पास गरिदिने तर आवश्यक मापदण्ड र भवन संहिता पुरा नभएको ठहर भएमा नक्सा पास दस्तुरको तेब्बर दस्तुर लिई नक्सा अभिलेखीकरण प्रमाण पत्र दिने निर्णय गरियो ।

निर्णय नं. २८

यस उपमहानगरपालिकाभित्रका खोला नालाहरुबाट ढुङ्गा, गिटी तथा बालुवा बिक्रिको ठेक्का व्यवस्थापनका लागि भौगोलिक/सीमा विवाद रहेका स्थान बाहेक अन्य स्थानमा प्रचलित कानून बमोजिम ठेक्का लगाउने निर्णय गरियो ।

निर्णय नं. २९

यस उपमहानगरपालिका वडा नं. ४ का वडाध्यक्ष श्री चन्द्रप्रसाद भट्टराई दृष्टिविहिन भएको र वडा नं २० का वडा सदस्य श्री नागधन राई अशक्त भएको हुँदा निजहरुलाई गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ९ को व्यवस्था बमोजिम एक/एकजना सहयोगी उपलब्ध गराउने निर्णय गरियो । साथै, वडाध्यक्ष श्री चन्द्रप्रसाद भट्टराईलाई कार्यालय सहयोगी द्वितीयस्तर र वडा सदस्य श्री नागधन राईलाई कार्यालय सहयोगी प्रथमस्तरले पाउने तलवस्केल बराबरको रकम सुबिधा वापत पाउने गरी एक/एकजना सहयोगी उपलब्ध गराउने र त्यस्ता सहयोगीले पाउने सुविधा महिना भुक्तान भएपश्चात् सम्बन्धित सदस्यको लिखित शिफारिसका आधारमा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३०

नगरसभाबाट स्वीकृत चालु आ.व. को आर्थिक ऐनमा उल्लेखित करका दरहरु उच्च भएको भनी आएको जनगुनासोको सम्बन्धमा कार्यपालिका बैठकमा व्यापक रुपमा छलफल गरियो । यस सम्बन्धमा गहन रुपमा अध्ययन गरी करका दरहरु पुनरावलोकन गर्नुपर्ने भए सोको सुझाव सहितको प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ को उपदफा (१) बमोजिम आ.व. २०७५/७६ को लागि परामर्श दिन गठित राजश्व परामर्श समितिलाई नै जिम्मेवारी दिने निर्णय गरियो ।

६४

निर्णय नं. ३१

नेपाल सरकारवाट घोषणा गरिएको "विद्यार्थी भर्ना विशेष राष्ट्रिय अभियान, २०७५" को नगरस्तरमा मुल अनुगमन समितिको गठन भैसकेको तथा सवै वडाहरुमा वडाध्यक्षज्यूको अध्यक्षतामा सवै वडा सदस्यहरु, वडास्थित सवै विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, वाल क्लवका अध्यक्षहरु र वडामा गठित टोल विकास संस्थाका अध्यक्ष समावेश भएको वडास्तरीय अनुगमन समिति निर्माण गरी सो समितिले अनुगमन गरी वडाभित्र विद्यालय उमेरका तर विद्यालयमा भर्ना नभएका वालवालिका फेला परेमा भाद्र २० गतेभित्र नजिकको विद्यालयमा भर्ना गर्ने । भर्ना गर्न नसकिएमा त्यस्ता विद्यार्थीहरुको विवरण भाद्र २३ गतेभित्र वडा कार्यालय मार्फत नगर शिक्षा शाखामा पठाउने निर्णय गरियो ।

निर्णय नं. ३२

वडा कार्यालय वा वडामा रहेका बिषयगत शाखा/कार्यालयहरुमा स्थायी, अस्थायी, करार वा ज्यालादारीमा कार्यरत सबै प्रकारका कर्मचारीहरुको महिना ब्यतित भइसकेपछि तलव, भत्ता, पारिश्रमिक वा ज्याला भुक्तानी गर्नुपूर्व सम्बन्धित वडाको वडाध्यक्षद्वारा त्यस्ता कर्मचारीहरुको लिखित रुपमा हाजिरी प्रमाणित गरी नगर कार्यपालिकाको कार्यालयमा पठाउने र नगर कार्यपालिकाको कार्यालयको प्रशासन शाखाले विवरण एकिकृत गरी लेखा शाखामा पठाएपछि मात्र लेखा शाखाबाट तलव, भत्ता, पारिश्रमिक वा ज्याला भुक्तानी गर्ने निर्णय गरियो ।

छवि रिजाल
प्रमुख प्रशासकीय अधिकृत
(सह-सचिव)